
# लकडाउनको तीन महिनामा मानव अधिकारको अवस्था[१]

(२०७६ चैत ११ गतेदेखि २०७७ असार १० गतेसम्म)

नोबेल कोरोना भाइरसका कारण विश्वका करिब सबै देश सङ्क्रमित भएका छन् । नेपालमा पनि कोरोना सङ्क्रमितको सङ्ख्या दैनिकरूपमा वृद्धि भइरहेको छ । यस परिस्थितिमा व्यक्तिका सबै किसिमका मानव अधिकारका विषयहरू तुलनात्मकरूपमा ओझेलमा पर्ने अवस्था सिर्जना भएको छ । तर व्यक्तिका केही यस्ता अधिकारहरू छन्, ती अधिकारहरू जस्तोसुकै सङ्कटको अवस्थामा पनि प्रचलनमा रहेका हुन्छन् । मानव अधिकार व्यक्तिको जीवनमा स्वतन्त्रता, समानता र मर्यादाको विषय हो । नेपालको संविधान र कानुनहरूले प्रत्याभूत गरेका स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित विषयहरू नै मानव अधिकार हुन् ।

लकडाउनको तीन महिनामा मानव अधिकार उल्लङ्घनका विभिन्न विषय तथा घटनाहरू सार्वजनिक भए । यसक्रममा क्वारेन्टाइनमा राम्रो व्यवस्था नभएको, हजारौँको सङ्ख्यामा भारतबाट आएका नेपालीलाई उचित व्यवहार नगरिएको, स्वास्थ्य उपचारमा लापरबाही गरिएको, मानव अधिकार रक्षक त्यसमध्ये पनि स्वास्थ्यकर्मी, पत्रकार तथा शिक्षकमाथि कुटपिट तथा दुर्व्यवहार भएको र महिला तथा बालबालिकामाथि हुने हिंसाका घटना सार्वजनिक भए ।





---

१ इन्सेकका ७७ जिल्ला प्रतिनिधिले आफ्ना जिल्लामा भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना नियमतिरूपमा अनुगमन तथा अभिलेख गर्ने गरेका छन् । जिल्ला प्रतिनिधिले पठाएका सूचनाका आधारमा www.inseconline.org मा सूचना तथा समाचारहरू प्रकाशन गर्ने गर्दछ । यो प्रतिवेदन इन्सेकका जिल्ला प्रतिनिधिको अनुगमन तथा अभिलेखमा आधारित छ । प्रतिवेदनमा समेटिएका तथ्य तथ्याङ्कहरू २०७६ चैत ११ गतेदेखि २०७७ असार १० गतेसम्मका हुन् ।

## घटना अनुसार पीडित सङ्ख्या

| | राज्य पक्ष | | | अन्य पक्ष | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| अपहरण | | | | ६ | | ६ | ६ |
| गिरफ्तार | २ | २९ | ३१ | | | | ३१ |
| कुटपिट | १ | १९ | २० | २० | ६२ | ८२ | १०२ |
| बालअधिकार | | | | २८१ | ३ | २८४ | २८४ |
| जेलमा मृत्यु | | | | | ५ | ५ | ५ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | | १ | १ | १ |
| अमानवीय व्यवहार | | ३ | ३ | ३ | ५ | ८ | ११ |
| घाइते | | ७ | ७ | ८ | ९७ | १०५ | ११२ |
| हत्या | | १ | १ | ४२ | २९ | ७१ | ७२ |
| जातीय विभेद | | | | ३ | ९ | १२ | १२ |
| धम्की | | | | २ | ३ | ५ | ५ |
| यातना | | २ | २ | | | | २ |
| महिला अधिकार | | | | ४७६ | | ४७६ | ४७६ |
| कूल जम्मा | ३ | ६१ | ६४ | ८४१ | २१४ | १०५५ | १११९ |

लकडाउनका तीन महिनामा राज्य पक्षबाट तीन जना महिलासहित ६४ जना र अन्य पक्षबाट ८ सय ४१ जना महिलासहित १ हजार ५५ जना गरी १ हजार १ सय १९ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित घटनामध्ये महिलामाथि भएका ज्यादतीका घटनामा ४ सय ७६ जना र बालबालिकामाथि भएका ज्यादतीका घटनामा २ सय ८४ जना पीडित भए । त्यसैगरी, यो अवधिमा ११ जनालाई अमानवीय व्यवहार गरिएको, पाँच जनालाई धम्की दिइएको, १ सय १२ जना घाइते भएको, १ सय २ जनालाई कुटपिट गरिएको, ६ जनालाई अपहरण गरिएको, ३१ जनालाई गिरफ्तार गरिएको, ७२ जनाको हत्या भएको, दुई जनालाई प्रहरी हिरासतमा यातना दिइएको र जातीय विभेदका घटनामा १२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो ।





लकडाउनका तीन महिनामा २५ जना स्वास्थ्यकर्मीमाथि दुर्व्यवहार भएका घटना इन्सेकले अभिलेख गरेको छ । अग्रपङ्क्तिमा रहेर काम गर्नुपर्ने स्वास्थ्यकर्मी दुर्व्यवहार हुँदा पनि प्रहरी प्रशासनबाट समयमा नै सुरक्षा प्रदान नगरिएको भनी आलोचना भयो ।

- *सुनसरी जिल्ला धरान उपमहानगरपालिका-२० स्थित स्वास्थ्य चौकीका हेल्थ असिस्टेण्ट चन्द्रप्रकाश खनाललाई २०७७ वैशाख ४ गते प्रहरीले कुटपिट गऱ्यो । पानमारा प्रहरी चौकीका सई भेषबहादुर थापाले स्वास्थ्यकर्मी भएको परिचय पत्र देखाउँदा देखाउँदै पनि लकडाउनका बेला हिँडेको भनी प्रहरीले कुटपिट गरेको पीडितले बताए । घटनाका आरोपितलाई कुनै कारबाही भएन ।*
- *पर्सा जिल्ला वीरगञ्ज महानगरपालिका-२४ को रामगढवा स्वास्थ्य चौकीका हेल्थ असिस्टेण्ट विवेककुमार चौरसियालाई २०७७ जेठ १ गते कार्यालयको काम सकेर घर फर्कँदै गर्दा नेपाली सेनाका जवानले निषेधाज्ञा उल्लङ्घन गरेको भन्दै कुटपिट गरे । चौरसियाले परिचयपत्र देखाएको र स्वास्थ्य चौकीबाट फर्किएको बताउँदा पनि नसुने झैँ गरी नाम नखुलेका जवानले कुटपिट गरेको पीडितले बताए । आरोपितलाई कारबाही भएन ।*
- *बागमती प्रदेशका जनस्वास्थ्य प्रयोगशाला, हेटौँडाका निर्देशक डा. नारायण कार्कीलाई काठमाडौँको नागढुङ्गामा २०७७ जेठ २ गते स्वयम्सेवक बताउने उत्तम कार्कीले दुर्व्यवहार गरेको भिडियो सार्वजनिक भयो । आफूमाथि दुर्व्यवहार भइरहँदा घटनास्थलमा रहेका प्रहरीले हस्तक्षेप नगरेको डाक्टर कार्कीले बताउनु भयो । घटनाका आरोपितलाई प्रहरीले गिरफ्तार गरेकोमा केही दिनपछि रिहा गऱ्यो ।*

**बाल अधिकार**


बालश्रम, बालबालिका ओसारपसार, बेचबिखन, यौनजन्य हिंसा, शिक्षा र स्वास्थ्यको अवसरबाट वञ्चितजस्ता बाल अधिकार हननका घटनामा बालबालिका पीडित भएको इन्सेकको अभिलेखले दर्शाए । लकडाउनका कारण लामो समय विद्यालय जान नपाएको र शैक्षिक गतिविधि अवरुद्ध हुँदा बाल अधिकारका सवालमा समस्या भएको पाइयो । तीन महिनाको अवधिमा १ सय ८७ बालिकामाथि बलात्कार, ७५ बालिकामाथि यौन दुर्व्यवहार र बेचबिखन तथा ओसारपसार घटनामा चार जना बालिका पीडित भए ।




- *देवदह नपा-११ की १३ वर्षीया अङ्गीरा पासीको शव जेठ ११ गते देवदह नपा-२ रोहिणी खोलाको छेउमा रहेको भेलोरको रुखमा झुण्डिएको अवस्थामा फेला पर्‍यो । घटनाका आरोपित वीरेन्द्रले जेठ ९ गते बालिकालाई बलात्कार गरेको र जेठ १० गते देवदह नपा-१ का अध्यक्ष अमरबहादुर चौधरीसहित गाउँलेको समूहले पीडितलाई आरोपितको जिम्मा लगाएको पीडित परिवारको आरोप छ । प्रहरीले घटनामा संलग्न भएको आरोपमा देवदह नपा-११ का २५ वर्षीय वीरेन्द्र भर, वीरेन्द्रकी आमा ५० वर्षीया अकाली भर र ठूली आमा ५५ वर्षीया सितली भरलाई जेठ १५ गते गिरफ्तार गरेको छ ।*

**महिला अधिकार**

महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमका हिंसाजन्य कार्य हुँदै आएका छन् । सामाजिक, सांस्कृतिक मान्यतामा आधारित कुरीतिजन्य अभ्यासका कारण महिला हिंसाको दुष्चक्रबाट बाहिर निस्कन सकेका छैनन् । महिलामाथि हुने बलात्कारका घटनामा दिन प्रतिदिन बढोत्तरी हुँदै आएको छ । महिला भएकै कारण हुने विभेद तथा हिंसाले कहिलेकाहीँ हत्याको चरम रूप लिने गरेका उदाहरणहरू पनि प्रशस्तै छन् । यस अवधिमा बलात्कारका घटनाका १ स २४ जना, बलात्कार प्रयासका घटनामा ३६ जना, यौन दुर्व्यवहारका घटनामा १७ जना, घरेलु हिंसाका घटनामा २ सय ५४ जना, बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा चार जना र कथित बोक्सीको आरोपमा एक जना महिला पीडित भएको इन्सेकमा अभिलेख भयो ।




- *३१ वर्षीया महिलालाई जेठ ३१ गते राति लम्कीचुहा नगरपालिका-१ स्थित शहिद स्मृति माविको क्वारेन्टाइनमा बलात्कार गरेको आरोपमा प्रहरीले लम्कीचुहा नगरपालिका-१ का २२ वर्षीय किशोर परियार, २० वर्षीय लक्ष्मण विक र १८ वर्षीय सर्जन विकलाई जेठ ३२ गते गिरफ्तार गरेको छ । आरोपितहरूविरूद्ध कानुनी कारबाही चलिरहेको प्रहरीले जनाएको छ ।*

**जातका आधारमा गरिने विभेद**

नेपालमा जातका आधारमा गरिने विभेदका घटना सार्वजनिक हुने गरेको भए पनि अपराधमा संलग्नहरू कारबाहीको दायरमा आएको उदाहरण एकदमै कम छन् । धेरैजसो घटनामा मिलापत्र गरिने र

आरोपितले उन्मुक्ति पाउँदै आएका छन् । जाजरकोट जिल्लाका दलित युवक तथा रुकुम (पश्चिम)की गैरदलित युवतीबीच भएको प्रेमसम्बन्ध परिवारजनले नस्वीकार्दा युवती पक्षका गाउँलेको आक्रमणमा परी ६ युवकको मृत्यु भयो ।

- *रुकुम (पश्चिम) जिल्ला चौरजहारी नगरपालिका-८ सोतीगाउँका स्थानीयबासीको आक्रमणबाट भेरी नपा-४ का २१ वर्षीय नवराज विक, भेरी नपा-४, चौरजहारी नपा-१ का २० वर्षीय टिकाराम सुनार, भेरी नपा-४ का २१ वर्षीय सञ्जु विक, भेरी नपा-४ रानागाउँका १७ वर्षीय गणेश बीएम, भेरी नपा-११ का १८ वर्षीय लोकेन्द्र सुनार र गोविन्द शाहीको मृत्यु भयो । उनीहरू सबैको शव भेरी नदीमा भेटिएको थियो । घटनास्थलबाट प्रहरीले १२ जना युवालाई घाइते अवस्थामा उद्धार गरेको थियो । घटनामा संलग्न भएको आरोपमा गिरफ्तार भएका २३ जना जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा छन् ।*

**निष्कर्ष**

नेपाली समाजमा भएको सामाजिक, आर्थिक तथा राजनीतिक परिवर्तन, चेतनास्तर, साक्षरतामा भएको वृद्धि आदि कारणले महिलाप्रतिको दृष्टिकोणमा परिवर्तन आएको छ । समाज तथा घरभित्र हुने व्यवहार र कानुनी संयन्त्रमा गरिएको सुधारले महिला हिंसाका घटना सार्वजनिक हुने गरेका छन् । सामाजिक संरचना र बनोटले महिलामा पारेको असरलाई भने कानुनी तवरबाट मात्रै समाधान गर्न सकिँदैन भन्ने विभिन्न घटना र तथ्य तथ्याङ्कले देखाएको छ । पीडितले नै घटना बाहिर ल्याउन नचाहेको तथा लकडाउनका कारण पनि कतिपय घटना सार्वजनिक नभएका पनि हुन सक्छन् । मानव अधिकारको संरक्षण र संवर्धनमा राज्यको दायित्व हुने भए पनि यस अवधिमा राज्यका संयन्त्रको व्यवहार सन्तोषजनक हुन सकेन । जसका कारण मानव अधिकारको संरक्षण र संवर्धनका सन्दर्भमा केही कमीकमजोरी रहेको पाइयो ।

**सुझाव**

- मानव अधिकार रक्षक मूलतः स्वास्थ्यकर्मी र पत्रकारमाथि आक्रमण तथा दुर्व्यवहारका घटनामा संलग्नलाई कारबाहीको दायरामा ल्याउन माग गर्दछौं ।
- महिला तथा बालबालिकामाथि भएको ज्यादतीका घटनामा संलग्नलाई कानुनी दायरामा ल्याउन माग गर्दछौं ।
- विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन गरी महिलामाथि हुने घरेलु हिंसाका घटना न्यूनिकरणको पहल गर्न माग गर्दछौं ।
- हिंसापीडित महिला तथा बालबालिकाको पुनर्स्थापनामा ध्यान दिन सरकारसँग माग गर्दछौं ।


मानव अधिकार र सामाजिक न्यायका निम्ति

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः २७२६, काठमाडौँ

फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१

इमेलः insec@insec.org.np

वेबसाइटः www.insec.org.np, www.inseconline.org